स्वीकृत मिति: २०८३।०६।०१

कोशी प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय विराटनगर, नेपाल

## "पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) नर्म्स, २०८३"

<u>प्रस्तावना</u>: कोशी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ बमोजिमको अधिकार प्रयोग गरी उद्योग, कृषि तथा सहकारी मन्त्रालयले यो नर्म्स बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नर्म्सको नाम "पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) नर्म्स, २०८३" रहेको छ।

(२) यो नर्म्स मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्म्स, २०८२ को दफा ६ मा संशोधनः** पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्म्स, २०८२ (यस पछी "मूल नर्म्स" भनीएको) को दफा ६ को खण्ड (क), र (घ) को सट्टा देहायको खण्ड (क) र (घ) राखिएको छः-

(क) उद्धेश्यः

- अकस्मात कुनै व्यवसायिक पशुपन्छी फार्म वा पशुपन्छीपालन क्षेत्रमा अज्ञात रोग वा महामारी जन्य संक्रामक रोग खोरेत, पि.पि.आर., स्वाईन फिवर, एल.एस्.डी., बर्ड फ्लू/एभियन इन्फ्लुएन्जा आदि देखा परी धेरै संख्यामा पशुपन्छी बिरामी परेमा वा मृत्यु भएको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्य सञ्चालन गर्नु।

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक औषधी, खोप र अन्य लजिस्टिक सामाग्री स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।
- आकसमिक रोग फैलिएको अवस्थामा बाहेक यो कार्यक्रममा विनियोजित बजेट खर्च गर्न पाइने छैन।
- बर्ड फ्लू/एभियन इन्फ्लुएन्जा रोग नियन्त्रण कार्यमा खटिएका कर्मचारी/व्यक्तिहरुलाई (निजी पशु चिकित्सक/पाराभेट समेत) प्रोत्साहन सुविधा "बर्ड फ्लू नियन्त्रण कार्यका लागि खटाइएका कर्मचारीलाई वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७९" बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालयको स्वीकृत कार्यक्रम बजेटबाट उपलब्ध गराउन सकिनेछ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

३. **मूल नर्म्सको दफा ७ मा संशोधनः** मूल नर्म्सको दफा ७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) आर्थिक मापदण्डः

- प्राकृतिक प्रकोप तथा विपदजन्य क्षति वापत पशुपन्छीपालक कृषकहरुलाई तपसिल बमोजिम राहत वितरण गरीनेछ।
- संघ र प्रदेशबाट संचालित पशुपन्छी खोप कार्यक्रम अन्तर्गत खोप लगाएको कारणबाट अचानक कुनै पशुको मृत्यु भएमा उक्त पशुको स्थानिय प्रचलित बजार मूल्यको अधिकत्तम ७५ प्रतिशत रकम राहत उपलब्ध गराउन सकिनेछ।
- विमा वा कुनै निकायबाट क्षति बापतको राहत रकम प्रदान गरिएको खण्डमा यस कार्यक्रममा समावेश गरिने छैन।

| क्र.स. | पशुको किसिम | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सिमा |
|---|---|---|---|---|
| १. | (क) गाई/ भैंसी/ घोडा/ खच्चर (३-६ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति गोटा |
| | (ख) गाई/ भैंसी/ घोडा/ खच्चर (७-१२ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दश हजार प्रति गोटा |
| | (ग) गाई/ भैंसी/ घोडा/ खच्चर (१३-१८ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु बाह्र हजार प्रति गोटा |
| | (घ) गाई/ भैंसी/ घोडा/ खच्चर (>१८ महिना) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु बिस हजार प्रति गोटा |
| २. | (क) बंगुर (१-३ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई हजार प्रति गोटा |
| | (ख) बंगुर (४-६ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु चार हजार प्रति गोटा |
| | (ग) बंगुर (७-१२ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु छ हजार प्रति गोटा |
| | (घ) बंगुर (१२ महिना भन्दा बढी सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दश हजार प्रति गोटा |
| ३. | (क) भेडा/बाख्रा (१-३ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु एक हजार प्रति गोटा |
| | (ख) भेडा/ बाख्रा (४-६ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई हजार प्रति गोटा |
| | (ग) भेडा/ बाख्रा (७-१२ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु चार हजार प्रति गोटा |



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | (घ) भेडा/ बाख्रा (१२ महिना भन्दा बढी) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति गोटा |
| ४. | श्रम गर्ने पशु २ बर्ष माथिका वयस्क पशु मात्र | अशक्त भएमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति गोटा |
| ५. | (क) माछा भुरा (१ महिना सम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु एक प्रति गोटा |
| | (ख) माछा भुरा (२ महिना देखि ३ महिना सम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई प्रति गोटा |
| | (ग) खाने माछा (४ महिना माथि) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु पचास प्रति के.जी. |
| ६. | (क) रेन्बो ट्राउट/ असला (फ्राई) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई प्रति गोटा |
| | (ख) रेन्बो ट्राउट/ असला (फिंगरलिगं) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु पाँच प्रति गोटा |
| | (ग) रेन्बो ट्राउट/असला (खाने माछा) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई सय प्रति के.जी. |
| ७. | (क) लोकल कुखुरा/ गिरीराज/ हाँस (४ महिना भन्दा माथिको) | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दुई सय पचास प्रति गोटा |
| ८. | लेयर्स | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई सय प्रति गोटा |
| ९. | ब्रोइलर | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु एक सय प्रति गोटा |
| १०. | अष्ट्रिच | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु तिन हजार प्रति गोटा |
| ११. | पशु गोठ | पूर्ण वा आंशिक | क्षेत्रफल र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट एक सय |
| १२. | कुखुराको खोर | पूर्ण वा आंशिक | क्षेत्रफल र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु पचास |
| १३. | (क) माछा पोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफल र लागत अनुमानका आधारमा | रु एक लाख सम्म प्रति हेक्टर |
| | (ख) रेन्बो ट्राउट रेश्वे पोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफल र लागत अनुमानका आधारमा | रु पाँच सय प्रति वर्ग मिटर |
| १४. | अन्य | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानका आधारमा | समितिले तय गर्ने |



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

४. **मूल नर्म्सको दफा ८ मा संशोधनः** मूल नर्म्सको दफा ८ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

**(ख) प्राविधिक मापदण्डः**

- सेवा उपलब्ध गराइने पशु फार्म नियमानुसार दर्ता/सूचीकरण तथा नवीकरण भएको हुनुपर्ने।
- घुम्ती टोलीमा कम्तिमा दुई जना पशु चिकित्सक र भेटेरिनरी प्रयोगशालाका प्राविधिक सहितको विज्ञ टोली समावेश भएको हुनुपर्नेछ।
- आवश्यकता अनुसार विज्ञ टोलीमा बाह्य विज्ञहरुलाई सहभागी गराउन सकिनेछ।
- एउटा एकीकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा संचालन गर्दा कम्तिमा साना र ठुला गरी एक सय वटा पशु वा दश वटा फार्मलाई सेवा उपलब्ध गराउन सकिनेछ।
- कार्यक्रमको स्वीकृत बजेट अनुसार जैविक सुरक्षा तथा उपचारका लागि फार्मलाई आवश्यक महत्वपूर्ण औषधी तथा पशु स्वास्थ्य सामाग्री उपलब्ध गराउन सकिनेछ।
- हिमाली र पहाडी जिल्लामा एउटा एकिकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्दा व्यवसायिक पशु फार्म नभएको अवस्थामा कृषकको घरदैलोमा गई कार्यक्रमको उद्देश्य अनुसार प्राविधिक सेवा उपलब्ध गराउन सकिनेछ।

५. **मूल नर्म्सको दफा २४ मा संशोधनः** मूल नर्म्सको दफा २४ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः

(घ) **आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक खोप, औषधी, नमूना संकलन तथा जैविक सुरक्षाका सामाग्री तथा अन्य लजिस्टिक सामाग्री खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नुपर्नेछ।
- रोगको रोकथाम सम्बन्धमा नयाँ प्रविधि प्रदर्शनी तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा कोशी प्रदेशबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम हुनेछ।
- बर्ड फ्लू/एभियन इन्फ्लुएन्जा रोग नियन्त्रण कार्यमा खटिएका कर्मचारी/व्यक्तिहरुलाई (निजी पशु चिकित्सक/पाराभेट समेत) प्रोत्साहन सुविधा "बर्ड फ्लू नियन्त्रण कार्यका लागि खटाइएका कर्मचारीलाई वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७९"



प्रदेश सचिव
राम प्रसाद महतो
मन्त्री

बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालयको स्वीकृत कार्यक्रम बजेटबाट उपलब्ध गराउन सकिनेछ।

६. मूल नर्म्सको दफा २५ पछि देहायको दफा २५क. थप गरिएको छः-

"२५क. प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण कार्यक्रम (बर्ड फ्लू रोग लगायत)

(क) उद्धेश्यः

- व्यवसायिक पशुपन्छी फार्म वा पशुपन्छीपालन क्षेत्रमा अज्ञात रोग वा संक्रामक रोग देखा परी धेरै संख्यामा पशुपन्छी बिरामी परेमा वा मृत्यु भएको अवस्थामा तत्काल रोगको निदान, उपचार तथा रोकथाम गरी रोग नियन्त्रण गर्नु।
- प्राकृतिक प्रकोप/विपद्जन्य घटनाका कारण पशुपन्छी घाइते वा मृत्यु भएमा उद्दार तथा राहतको कार्यक्रम संचालन गर्नु।

(ख) प्राविधिक मापदण्डः

- अकस्मात धेरै संख्यामा पशुपन्छी विरामी परेमा वा मृत्यु भएमा सम्बन्धित विज्ञ केन्द्रले रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash Report) तथा रोग नियन्त्रणका कृयाकलाप सहित विस्तृत विवरण तयार गर्नु पर्नेछ।
- रोगको यथासक्य छिटो निदान तथा रोग नियन्त्रणका कार्यहरु संचालन गर्न गराउनका लागि Provincial Emergency Disease Investigation Team) (PEDIT) बैठकको निर्णयको आधारमा रोग नियन्त्रणका लागि सरोकारवाला निकायहरु समेतको समन्वयमा प्राविधिक टोली परिचालन गर्न सकिनेछ।
- प्राकृतिक प्रकोप/विपद्जन्य घटनाका कारण पशुपन्छी घाइते वा मृत्यु भएमा Provincial Emergency Disease Investigation Team) (PEDIT) लाई जानकारी गराई उद्दार तथा राहत वितरण कार्यक्रम यथासिघ्र संचालन गर्न सकिनेछ।
- रोग नियन्त्रण तथा राहत कार्यक्रमका लागि मन्त्रालय तथा निर्देशनालयले स्वीकृत बजेटबाट औषधी, खोप, लजिष्टिक व्यवस्थापन, कर्मचारी प्रोत्साहन तथा राहत रकमका लागि सहयोग गर्न सकिनेछ।
- महामारी रोग सम्बन्धमा सूचना सम्प्रेषण तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

(ग) संचालन प्रकृयाः

अकस्मात धेरै संख्यामा पशुपन्छी विरामी परेमा वा मृत्यु भएमा सम्बन्धित विज्ञ केन्द्रले अनुसूची-१ अनुसारको रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

Report) तथा रोग नियन्त्रणका कृयाकलाप सहित विस्तृत विवरण मन्त्रालय, निर्देशनालय र प्रयोगशालामा पठाउनु पर्नेछ।

- निर्देशनालयले (PEDIT) बैठकको निर्णय बमोजिम रोग निदान तथा नियन्त्रण सम्बन्धी कार्य गर्नु गराउनु पर्नेछ र थप आवश्यक सहजीकरणका लागि मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।
- PEDIT बैठकको निर्णय तथा मन्त्रालयको समन्वयमा कार्यालयले रोग नियन्त्रणका लागि आवश्यक औषधी, खोप तथा अन्य लजिस्टिक व्यवस्था गराउनु पर्नेछ र रोग नियन्त्रण कार्य गराउनु पर्नेछ।
- (PEDIT) बैठकको निर्णय प्राप्त नभएसम्म कार्यालयले रोग नियन्त्रणका प्रारम्भिक कार्य गर्दै गर्नु पर्नेछ।
- प्राकृतिक प्रकोप/विपद्जन्य घटनाका कारण पशुपन्छी घाइते वा मृत्यु भएमा Provincial Emergency Disease Investigation Team) (PEDIT) लाई जानकारी गराई उद्दारको कार्यक्रम तत्काल शुरु गर्नु पर्नेछ। राहतको कार्यक्रम यथासिघ्र संचालन गर्नु पर्नेछ।
- राहत कार्यक्रमका लागि स्वीकृत बजेटको परिधिमा रही रोग विशेषको प्रकृति अनुसार प्रचलित नियम तथा प्राविधिक नर्म्स अनुसार संचालन गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक औषधी, खोप र अन्य लजिस्टिक सामाग्री स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।
- प्राकृतिक प्रकोप/ विपद्जन्य क्षतिको राहत सम्बन्धी जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र सिफारिस अध्ययन गरी मन्त्रालयले सम्बन्धित विज्ञ केन्द्रमा राहत रकम उपलब्ध गराउन सकिनेछ।
- बर्ड फ्लू रोग पुष्टी भई रोग नियन्त्रण क्रममा नष्ट गरिएका वस्तुहरुको प्रभावित कृषकहरुलाई राहत उपलब्ध गराउन "बर्ड फ्लू राहत मापदण्ड, २०७९" तथा रोग नियन्त्रण कार्यमा खटिएका कर्मचारी/ व्यक्तिहरुको प्रोत्साहन रकम उपलब्ध गराउन "बर्ड फ्लू नियन्त्रण कार्यका लागि खटाइएका कर्मचारी वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७९" बमोजिम मन्त्रालयले उपलब्ध गराउन सक्नेछ।"

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

७. मूल नर्म्सको दफा ४४ मा संशोधनः मूल नर्म्सको दफा ४४ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः

(ग) संचालन प्रकृयाः

- विज्ञ केन्द्रले जिल्ला स्थित पालिकाहरुलाई पत्राचार गरी पशु श्रोत केन्द्रको पहिचानका लागि मापदण्ड पुरा गर्ने सम्भावित क्षेत्रको प्रतिवेदन सहितको विवरण माग गर्ने।
- विज्ञ केन्द्रले प्राप्त प्रतिवेदनहरुको प्रारम्भिक जाँच पश्चात स्थलगत मूल्याङ्कन गरी प्राथमिकिकरण सहितको सूची तयार गरी बिज्ञ केन्द्रको आयोजनामा बस्ने स्थानिय तहमा कार्यरत प्राविधिक कर्मचारीहरु बीच समन्वय तथा प्रगति प्रेषण सम्बन्धि बैठकमा मूल्याङ्कन नतिजाबारे छलफल गरी कार्यक्रमको लाभग्राही तथा क्षेत्र छनौट गर्ने।
- विज्ञ केन्द्रले छनोट भएका लाभग्राही तथा क्षेत्रको कोड नम्बर सहित पशु श्रोत केन्द्रको मान्यता प्रदान गर्नका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पत्राचार गर्ने।
- निर्देशनालयबाट मान्यता प्राप्त पशु श्रोत केन्द्र र बिज्ञ केन्द्र बिच गरीएको सर्तहरु सहितको सम्झौताको आधारमा स्वीकृत बजेटको परिधिमा रही साझेदार कार्यक्रमहरु निर्धारण गरी कार्यहरु सञ्चालन गर्ने।
- पशुको स्वास्थ्य जाँच र परजीवी नियन्त्रण, पशु खोप, पशु प्रजनन प्रवर्द्धन, पशुहरूको वंशावली रेकर्ड (Pedigree Record) व्यवस्थापन, प्रजनन तालिका (Breeding Calendar) तयारी र सोही अनुसार कार्य, पशुहरूलाई वर्षैभरि पर्याप्त घाँसको उपलब्धता सुनिश्चितता र सन्तुलित आहाराको प्रवर्द्धन, उत्पादित पशु वा पशु उत्पादनको बिक्री वितरणका लागि स्पष्ट बजार रणनीति तयारी, नविनतम प्रविधिको प्रसार/प्रविधि प्रदर्शन/अन्तर्क्रिया/तालिम/गोष्ठी तथा अन्य प्रवर्द्धनात्मक र व्यवस्थापकिय क्रियाकलापहरु संचालन सहित पशु श्रोत केन्द्रको स्थलगत अनुगमन तथा मूल्याङ्कन, त्रैमासिक प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन तयारी जस्ता कार्यहरु गर्ने।
- आवश्यकता अनुसार पशु श्रोत केन्द्रमा प्राविधिक सहजकर्ताको व्यवस्थापन गर्न सकिनेछ।
- **अघिल्लो आ.व.हरुमा छनौट भएका श्रोत केन्द्रहरुमा समेत विनियोजित बजेटबाट फलोअप कार्यक्रम संचालन गर्न सकिनेछ।**
- **श्रोत केन्द्र स्थापना भए पश्चात एउटा श्रोत केन्द्रमा कम्तिमा ३-५ वर्ष सम्म फलोअप कार्यक्रम संचालन गर्ने।**
- **पशु श्रोत केन्द्र पहिचान तथा व्यवस्थापन कार्यक्रमका लागि प्राप्त प्रस्तावहरूको मूल्याङ्कन तथा प्राथमिकिकरण अनुसूची-१६ बमोजिम गर्नुपर्नेछ ।**

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

८. मूल नर्म्सको दफा ४४ पछि देहायको दफा ४४क., ४४ख. र ४४ग. थप गरिएको छः-

**"४४क. पदमार्ग प्रभाव क्षेत्र लक्षित पशुपन्छी उत्पादन कार्यक्रमः**

(क) उद्देश्यः

- पदमार्ग क्षेत्रमा पशुजन्य उत्पादन गरी आयआर्जनमा वृद्धि गर्ने।
- पदमार्ग क्षेत्रमा पशुजन्य उत्पादनको सहज उपलब्धता गरी पर्यटन प्रवर्द्धन गर्ने।

(ख) प्राविधिक मापदण्डः

- जिल्लास्थित प्रमुख पर्यटकिय क्षेत्रमा रहेका पदमार्गहरुमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- प्राविधिक तथा भौगोलिक दृष्टिकोणले उपयुक्त पशुपन्छी छनौट गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार पशुपन्छी वितरण, गोठ/खोर निर्माण/सुधार तथा पशुपन्छीजन्य उत्पादन गर्न मेशिनरी उपकरण लगायत अन्य सामाग्रीहरु वितरण गर्न सकिनेछ।

(ग) सञ्चालन प्रकृयाः

- विज्ञ केन्द्रले स्थानिय तहहरुसंगको प्राविधिक समन्वय बैठकबाट जिल्लाभित्र रहेका मुख्य पर्यटकिय पदमार्गहरु छनौट गर्नुपर्नेछ।
- उक्त पदमार्ग क्षेत्रका कृषकहरुलाई लक्षित गरी पशुपन्छी उत्पादन गर्न इच्छुक कृषकहरुका लागि कम्तिमा १५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ।
- विज्ञ केन्द्रले उपयुक्त कृषकहरुको छनौट गरी स्थानिय तहको समन्वयमा कृषकहरुको माग अनुसार पशुपन्छी (कम्तिमा १ महिनाको चल्ला), पशुपन्छी उत्पादन सामाग्री, गोठ/खोर निर्माण/सुधार, मेशिनरी उपकरण तथा अन्य आवश्यक सामाग्री खरिद गरी वितरण गर्न सकिनेछ।
- वितरित पशुपन्छी तथा सामाग्रीहरुको विवरण अध्यावधिक गरि विज्ञ केन्द्रले राख्नुपर्नेछ।

(घ) आर्थिक मापदण्डः

- कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही "सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, तथा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९" अनुसार गर्नुपर्नेछ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

"४४ख. पशुपन्छी प्रविधि प्रसार कार्यक्रमः

(क) उद्धेश्यः

- व्यवसायिक पशुपन्छीपालन क्षेत्रमा विकसित नविनतम प्रविधिहरू कृषक समक्ष प्रभावकारी रूपमा विकास गर्ने।
- पशुपन्छीको उन्नत नश्ल, पोषण, स्वास्थ्य, जैविक सुरक्षा, गोठ/खोर व्यवस्थापन तथा उत्पादन प्रविधिबारे प्राविधिक ज्ञान र सीप अभिवृद्धि गर्ने।
- सरकारी तथा गैरसरकारी निकायबाट विकास गरिएका नवप्रवर्द्धित प्रविधिहरूको प्रयोग गरी व्यवसाय अभिबृद्धि गर्ने।

(ख) प्राविधिक मापदण्डः

- नविनतम प्रविधिहरु प्राविधिक तथा वैज्ञानिक रूपमा प्रमाणित भई कृषक समक्ष व्यवहारिक, लागत कम र उपयोगी हुनुपर्नेछ।
- प्रविधि प्रसारका लागि स्थानिय आवश्यकता, पशुपन्छीको जात, भौगोलिक अवस्था, हावापानी, उपलब्ध स्रोत/साधन तथा कृषकको क्षमता समेतलाई मध्यनजर गर्नुपर्नेछ।
- प्रविधि प्रसार अन्तर्गत निम्न कार्यहरु संचालन गर्न सकिनेछः-
  - नश्ल सुधार तथा प्रजनन व्यवस्थापन,
  - पशु आहारा तथा पोषण व्यवस्थापन,
  - खोर/गोठ तथा जैविक सुरक्षा व्यवस्थापन,
  - पशु स्वास्थ्य व्यवस्थापन,
  - आधुनिक तथा कम लागतका उत्पादन प्रविधि।
- प्रविधि प्रदर्शनका लागि छनोट गरिएका कृषक/फार्ममा आवश्यक न्यूनतम पूर्वाधार तथा प्राविधिक सम्भाव्यता भएको हुनुपर्नेछ।
- प्रविधि प्रदर्शन गर्दा पशु कल्याण, जैविक सुरक्षा, वातावरणीय सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।
- आवश्यकता अनुसार विभिन्न सरोकारवाला निकायहरुबाट विषय विज्ञहरुबाट सेवा लिन सकिनेछ।

(ग) संचालन प्रकृयाः

- पशुपन्छी तथा मत्स्य सम्बन्धी नयाँ प्रविधि स्वीकृत कार्यक्रमको बजेट परिधिमा रहि सरोकारवाला निकायको समन्वयमा संचालन गर्नुपर्नेछ।
- सम्बन्धित निकायहरुले सूचिकृत व्यवसायिक फार्म/ समूह/ सहकारीहरुमा सरोकारवालाहरुको सहभागीतामा कार्यक्रमका कृयाकलापहरु तर्जुमा गरी कार्यान्वयन गर्ने।
- नयाँ प्रविधि प्रसार कार्यक्रमको उपलब्धी सम्बन्धमा प्रतिवेदन तयार गरी निर्देशनालयमा प्रेषण गर्ने।



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक औषधी, खोप, जैविक सुरक्षाका सामाग्री तथा अन्य लजिस्टिक सामाग्री तथा विषय विज्ञहरुको खर्च स्वीकृत बजेटको परिधिमा रही "सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७, र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९" अनुसार गर्नुपर्नेछ।

४४ग. बर्डफ्लु प्रभावित कृषकलाई चल्ला वितरण कार्यक्रमः

(क) उद्देश्यः

- बर्ड फ्लू रोगबाट प्रभावित पन्छीपालक कृषकहरुलाई व्यवसाय पुनर्स्थापनाका लागि टेवा पुऱ्याउने।

(ख) प्राविधिक मापदण्डः

- यस कार्यक्रम अन्तर्गत प्रयोगशालाबाट पुष्टि भएको Low Pathogenic Avian Influenza (LPAI), विशेषतः H9 subtype बाट प्रभावित कृषक/पन्छी व्यवसायीलाई प्राथमिकता दिई व्यवसाय पुनर्स्थापना सहयोग प्रदान गरिनेछ। साथै, Highly Pathogenic Avian Influenza(HPAI)/H5/H7 बाट प्रभावित तर सोही क्षतिको सम्बन्धमा प्रचलित कानून बमोजिम सरकारी राहत वा बीमा दाबीबाट रकम प्राप्त नगरेका/प्राप्त नगर्ने निश्चित भएका व्यवसायीलाई समेत उपलब्ध बजेटको सीमाभित्र रही कार्यक्रममा समावेश गर्न सकिनेछ।
- सम्बन्धित कृषक/व्यवसायीले केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट प्रमाणित M gene/HPAI/LPAI सम्बन्धी परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।
- बिमा गरेको हकमा सम्बन्धित कृषक/व्यवसायीले बीमा पोलिसी, दाबी सम्बन्धी कागजात तथा दाबीको वर्तमान अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्नेछ। सोही क्षतिको सम्बन्धमा बीमा दाबी भुक्तानी प्राप्त गरेको, भुक्तानी हुन स्वीकृत भएको वा अन्य सरकारी निकायबाट राहत/क्षतिपूर्ति प्राप्त गरेको अवस्थामा सोही क्षतिका लागि यस कार्यक्रमबाट दोहोरो लाभ प्रदान गरिने छैन।
- यस कार्यक्रममा समावेश हुने कृषक/व्यवसायीहरुलाई कार्यक्रम बजेटको परिधीभित्र रही प्रमाणित मृत/नष्ट/क्षति भएको पन्छीको संख्या वा पुनर्स्थापनाका लागि आवश्यक प्राविधिक रूपमा प्रमाणित चल्लाको संख्या मध्ये जुन कम हुन्छ, सोही सीमाभित्र एक दिने चल्ला खरिदका लागि व्यवसाय पुनर्स्थापना सहयोग उपलब्ध गराइनेछ।
- यस कार्यक्रमले स्वीकृत कार्यक्रम अवधिभन्दा अघिका दुई आर्थिक वर्षभित्र Avian Influenza को प्रमाणित घटनाबाट प्रभावित कृषक/पन्छी व्यवसायीलाई समेत सम्बोधन गर्न सक्नेछ। रोग पुष्टि, क्षतिको अवस्था, राहत/बीमा प्राप्ति तथा व्यवसाय पुनर्स्थापनाको आवश्यकता सम्बन्धमा प्राप्त अभिलेख तथा प्राविधिक टोलीबाट स्थलगत अनुगमनका आधारमा सत्यापन गर्नुपर्नेछ। रोग पुष्टि



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

तथा क्षति भएपछि व्यवसाय पुनर्स्थापनाका लागि खरिद गरिएका चल्लाको बिलका आधारमा प्राविधिक टोलीबाट स्थलगत सत्यापन पश्चात व्यवसाय पुनर्स्थापना सहयोग उपलब्ध गराइनेछ।

- एक दिने चल्लाको क्षति बापतको दररेट सम्बन्धित आ.व.मा नेपाल ह्याचरी उद्योग संघ वा सम्बन्धित जिल्लाको स्वीकृत दररेट बमोजिम हुनेछ।

(ग) सञ्चालन प्रकृयाः

- कार्यक्रम संचालन गर्न सम्बन्धित कार्यालयले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी निर्धारित ढाँचामा आवश्यक कागजात सहित आवेदन माग गर्नुपर्नेछ।
- यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/पन्छीपालक व्यवसायीले निम्न विवरण तथा कागजात सहित आवेदन पेश गर्नुपर्नेछ।
  - व्यवसाय दर्ता, नविकरण तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
  - व्यवसायको आधारभुत विवरण (फर्मको/धनीको नाम/ठेगाना, सम्पर्क नं, खोर संख्या/क्षमता, आदि) र रोग पुष्टिको बखतको पन्छी संख्या/क्षति अभिलेख।
  - नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
  - केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट प्रमाणित M gene/HPAI/LPAI रोग पुष्टि भएको प्रयोगशाला प्रतिवेदन।
  - वडाको सिफारिस वा प्रहरी मूचुल्का तथा उपलव्ध अन्य क्षतिको प्रमाण।
  - क्षति भएको कुखुराको विमा नगरेको स्वःघोषणा पत्र वा बीमा गरेको भए बीमा policy claim तथा settlement सम्बन्धी कागजात।
  - कुनै सरकारी/सार्वजिनक निकायबाट सोही क्षतिका लागि राहत/क्षतिपूर्ति प्राप्त नगरेको स्वःघोषणा पत्र।
- पेश भएको आवेदन उपर कार्यालयबाट माग भए बमोजिमको कागजातहरु रहे नरहेको जाँच गरी योग्य देखिएका आवेदनमा सम्बन्धित कार्यालयले प्राविधिक टोली खटाई स्थलगत अनुगमन गराई फार्मको वास्तविक स्थान तथा पहिचान, खोरको क्षेत्रफल तथा उत्पादन क्षमता, व्यवसायको प्रकार, रोग पुष्टि विवरण, कृषकले दाबी गरेको क्षति संख्या, जैविक सुरक्षाको अवस्था, खरिद गरिने वा खरिद भएको कुखुराको चल्लाको जात र संख्या, बीमा तथा राहतको अवस्था, दोहोरो लाभको सम्भावना, आदि सम्बन्धी विस्तृत प्राविधिक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ। प्राप्त प्राविधिक प्रतिवेदनको निर्णयको लागि जिल्लास्तर अनुदानग्राही छनौट समितिमा पेश गर्नुपर्नेछ।
- छनौट भएका कृषकले स्वीकृत संख्या र स्वीकृत जात अनुसार मान्यता प्राप्त ह्याचरी/सप्लायर्स बाट एक दिने चल्ला खरिद गर्नुपर्नेछ।
- कृषकले एक दिने चल्ला खरिद गरेको बिल/कर बिजक तथा आवश्यक कागजात पेश गरेपछि सम्बन्धित कार्यालयले आवश्यक स्थलगत तथा कागजात प्रमाणीकरण गरी स्वीकृत सहयोग



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

रकम कृषकको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ। साथै रोग पुष्टि भएर क्षति भएपछि अघिल्लो आर्थिक वर्ष वा सम्झौता अगावै एक दिने चल्ला खरिद गरिसकेका लाभग्राहीको हकमा समेत पेश भएका बिलविजक, आवश्यक कागजात र स्थलगत अनुगमनका आधारमा पुष्टी गरी कार्यालयले स्वीकृत सीमाभित्र कृषकको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ।

- कुनै लाभग्राहीले सोही क्षतिको सम्बन्धमा अन्य सरकारी निकाय वा बीमा कम्पनीबाट राहत/क्षतिपूर्ति प्राप्त गरेको प्रमाणित भएमा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम असुल उपर र जरिवाना गरिनेछ।

(घ) आर्थिक मापदण्डः

- एक दिने चल्लाको जात अनुसार चल्ला खरिदको समयमा नेपाल ह्याचरी उद्योग संघ वा सम्बन्धित जिल्लाको स्वीकृत दररेटलाई **अधिकतम स्वीकृत दर** मानिनेछ।
- खरिद मूल्य सो दरभन्दा कम भएमा वास्तविक बिल/कर बिजक बराबरको रकम र सो दरभन्दा बढी भएमा स्वीकृत अधिकतम दर मात्र भुक्तानी गरिनेछ।
- लाभग्राहीलाई उपलब्ध गराइने व्यवसाय पुनर्स्थापना सहयोग रकम **प्राविधिक टोलीबाट प्रमाणित तथा छनौट समितिबाट स्वीकृत एक दिने चल्लाको संख्या** मा सिमित हुनेछ। स्वीकृत संख्याभन्दा बढी खरिद गरिएका चल्लाको रकम कार्यक्रमबाट भुक्तानी गरिने छैन।
- लाभग्राहीले स्वीकृत कुखुराको जात तथा स्वीकृत संख्याभित्र मान्यता प्राप्त ह्याचरी/ सप्लायर्स बाट एक दिने चल्ला खरिद गरी **प्रचलित कानून बमोजिम जारी भएको वैध बिल/कर बिजक तथा आवश्यक भुक्तानी सम्बन्धी प्रमाण** कार्यालयमा पेश गर्नुपर्नेछ।
- कार्यालयले पेश भएको बिल/कर बिजक, खरिद संख्या, दर, hatchery/supplier को विवरण तथा अन्य आवश्यक कागजातको परीक्षण गरी आवश्यकतानुसार स्थलगत अनुगमन/प्रमाणीकरण गरे पछि नियमानुसार व्यवसाय पुनर्स्थापना सहयोग रकम **लाभग्राहीको बैंक खातामा** उपलब्ध गराइनेछ।
- रोग पुष्टि भई क्षति भएपछि तथा कार्यक्रमले तोकेको योग्य अवधिभित्र खरिद गरिएका एक दिने चल्लाको हकमा, छनौट भएका कृषकको स्वीकृत कार्यक्रम मापदण्ड तथा बजेट सीमाभित्र रही भुक्तानी गर्न सकिनेछ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

९. मूल नर्म्समा संशोधनः मूल नर्म्सको दफा ५६ पछि देहायको दफा ५६क. र दफा ५६ख. थप गरिएको छः-

"५६क. ह्याचलिङ नर्सरी उत्पादन प्रविधि/तरिका प्रदर्शन कार्यक्रमः

(क) उद्धेश्यः

- प्राविधिक दृष्टिकोणले उपयुक्त ह्याचलिङ नर्सिङ प्रविधि प्रदर्शन गरी प्राविधिक ज्ञानसिप अभिवृद्धि गर्ने।

(ख) प्राविधिक मापदण्डः

- अनुसन्धानबाट विकसित भैसकेको प्रविधि हुनुपर्नेछ।
- जलाशय क्षेत्रफल कम्तिमा ०.५ हेक्टर देखि १ हेक्टर सम्मको हुनुपर्नेछ।
- पोखरीको संख्या जात अनुसार कम्तिमा ६ वटा सम्म हुनुपर्नेछ।
- पोखरी सजिलै सुकाउन मिल्ने र पानी अडिने खालको हुनुपर्नेछ।
- यातायातको सुविधा भएको तथा बिद्युतिय सुविधा भएको हुनुपर्नेछ।
- प्राविधिक मापदण्ड अनुरुपको दाना मलखाद प्रयोग गर्नुपर्नेछ।
- प्रविधि प्रदर्शनीका सम्पूर्ण कृयाकलापहरु अभिलेखिकिकरण गर्नुपर्नेछ।

(ग) संचालन प्रकृयाः

- कार्यक्रम संचालनको लागि आवश्यकता र सम्भाव्यताको आधारमा स्थानिय तहको समन्वयमा कृषक तथा क्षेत्र छनौट गर्ने।
- सरकारी वा निजी मत्स्य ह्याचरीबाट माछाको ह्याचलिङ खरिद गरि उपलब्ध गराउने।
- नर्सरी ब्यवस्थापन कार्यक्रममा सम्बन्धित प्राविधिकको संलग्नता नियमित राख्ने।
- अनुसन्धानबाट सिफारिस भए अनुसारका उत्पादन सामाग्रीहरुको प्रयोग गर्ने।
- प्राविधिक अभिलेख नियमित राख्ने।
- उत्पादन नतिजा सार्वजनिक गर्ने।

(घ) आर्थिक मापदण्डः

- यस कार्यक्रमबाट पोखरी सुकाउने देखि फ्राइ(१.५ देखि २ महिनासम्म) साइजको भुरा उत्पादन ब्यवस्थापन सम्मको कृयाकलापका लागि विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ।
- अन्य व्यवस्थापकिय सामाग्रीहरु तथा व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिमा रही "सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९" अनुसार खर्च गर्नुपर्नेछ।



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

**५६ख. ठुलो साइजको माछा भुरा हुर्काउने प्रविधि/तरिका प्रदर्शन कार्यक्रमः**

**(क) उद्धेश्यः**

- माछा भुरामा आत्मनिर्भरता बढाउनको लागि अनुसन्धानबाट प्रमाणित विधि अनुसार उच्च गुणस्तरिय भुरा उत्पादन गराई आत्मनिर्भर उन्मुख गराउने।

**(ख) प्राविधिक मापदण्डः**

- अनुसन्धानबाट बिकसित भैसकेको प्रविधिलाई अवलम्बन गर्नुपर्ने।
- जलाशय क्षेत्रफल कम्तिमा ०.५ हेक्टर देखि १ हेक्टर सम्मको हुनुपर्नेछ।
- पोखरी सजिलै सुकाउन मिल्ने र पानी अडिने खालको तथा पानीको श्रोत उपलब्ध भएको हुनुपर्नेछ।
- माछा भुरा हुर्काउनको लागि माछाको उमेर अनुसारको गुणस्तरिय आहाराको प्रयोग गर्नुपर्नेछ।
- यातायातको सुविधा भएको तथा बिद्युतिय सुविधा भएको हुनुपर्नेछ।
- प्राविधिक मापदण्ड अनुरुपको दाना मलखाद प्रयोग गर्नुपर्नेछ।
- नियमित प्राविधिक तथा आर्थिक अभिलेख राख्नुपर्नेछ।

**(ग) संचालन प्रकृयाः**

- कार्यक्रम संचालनको लागि आवश्यकता र सम्भाव्यताको आधारमा स्थानिय तहको समन्वयमा कृषक छनौट गर्ने।
- सरकारी वा निजि मत्स्य ह्याचरीबाट माछाको फ्राइ साइजको भुरा खरिद गरि उपलब्ध गराउने।
- नर्सरी/रियरिङ व्यवस्थापन कार्यक्रममा सम्बन्धित प्राविधिकको संलग्नता नियमित राख्ने।
- अनुसन्धानबाट सिफारिस भए अनुसारका उत्पादन सामाग्रीहरुको प्रयोग गर्ने।
- हरेक १५/१५ दिनमा माछा भुराको बृद्धि जाँच गर्ने।
- उत्पादन नतिजा सार्वजनिक गर्ने।

**(घ) आर्थिक मापदण्ड**

- यस कार्यक्रमबाट पोखरी सुकाउने देखि एडभान्स फिङगरलिङ्ग (८ देखि १० महिनासम्म) भुरा उत्पादन व्यवस्थापन सम्मको कृयाकलापका लागि विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ ।
- अन्य व्यवस्थापकिय सामाग्रीहरु तथा व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिमा रही "सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९" अनुसार खर्च गर्नुपर्नेछ।"

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

१०. मूल नर्म्समा संशोधनः मूल नर्म्सको दफा ६३ पछि देहायको दफा ६३क. थप गरिएको छः-

**"६३क. स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरूबीच समन्वय तथा प्रगति प्रेषण सम्बन्धी बैठक कार्यक्रमः**

**(क) उद्देश्यः**

- स्थानीय तह र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबीच प्रभावकारी समन्वय कायम गरी सूचना आदानप्रदानलाई प्रभावकारी बनाउनु, स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन तथा प्रगति समीक्षा गर्नु।
- प्राविधिक समस्याको समाधान तथा प्राविधिक अनुभव, नवीन प्रविधि तथा सफल अभ्यास आदानप्रदान तथा योजना तर्जुमा गर्नु।
- तथ्याङ्क तथा प्रतिवेदन प्रेषण र विभिन्न पशुपन्छी रोगहरुको नियन्त्रण तथा रोकथाम कार्यमा समन्वय र सहकार्य गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- जिल्ला भित्रका स्थानीय तहहरुको पशु सेवा शाखाका प्रमुख/प्रतिनिधि सहित विज्ञ केन्द्रका प्रमुख र कर्मचारीहरु बैठकमा सहभागी हुने। आवश्यकता अनुसार विषय विशेषज्ञ, प्रदेश मन्त्रालय, निर्देशनालय, प्रयोगशाला वा अन्य सम्बन्धित निकायका प्रतिनिधिलाई आमन्त्रिण गर्न सकिने।
- त्रैमासिक रूपमा कम्तीमा एक पटक बैठक सञ्चालन हुनेछ ।
- आकस्मिक महामारी, प्राकृतिक विपद् वा विशेष परिस्थितिमा आवश्यकता अनुसार भर्चुअल बैठक सञ्चालन गर्न सकिनेछ।

**(ग) सञ्चालन प्रक्रियाः**

- बैठकको मिति, समय तथा स्थान निर्धारण गरि भौतिक वा भर्चुअल बैठक सञ्चालन गर्ने।
- सबै स्थानीय तहहरुबाट निर्धारित ढाँचामा आवश्यक्ता अनुसार तथ्याङ्क/प्रगति विवरण माग गर्ने।
- तत्कालिन अवस्थामा जिल्लामा देखा परेका पशुपन्छी रोगहरुको विस्तृत समिक्षा गर्ने।
- सम्बन्धित निकायमा निर्णय पठाउने।

**(घ) आर्थिक मापदण्डः**

- प्रदेश सरकारको स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९" बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही खर्च गर्न सकिनेछ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

११. मूल नर्म्सको दफा अनुसूचीमा संशोधनः मूल नर्म्सको अनुसूची-९ को सट्टा देहायको अनुसूची-९ राखिएको छः

## अनुसूची-९

### परिच्छेद २ को कार्यक्रम नं. १६ को खण्ड (ग) सँग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| १. | खोरेत | हिमाली तथा पहाडी क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ३०।(रु. तीस मात्र) |
| | | | भेंडा, बाख्रा | रु. २०।(रु. बीस मात्र) |
| | | तराई क्षेत्र | गाई, भैंसी, वंगुर | रु. २५।(रु. पच्चीस मात्र) |
| | | | भेंडा, बाख्रा | रु. १५।(रु. पन्ध्र मात्र) |
| २. | पि.पि.आर. | हिमाली, पहाडी र तराई क्षेत्र | भेंडा, बाख्रा | रु. १०।(रु. दश मात्र) |
| ३. | क्लासिकल स्वाईन फिवर | हिमाली, पहाडी र तराई क्षेत्र | बुंगर | रु. १५।(रु. पन्ध्र मात्र) |
| ४. | लम्पी स्किन डिजिज | हिमाली, पहाडी क्षेत्र | गाई, भैंसी | रु. १५।(रु. दश मात्र) |
| | | तराई क्षेत्र | गाई, भैंसी | रु. १०।(रु. दश मात्र) |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

१२. मूल नर्म्सको अनुसूचीमा संशोधनः मूल नर्म्सको अनुसूची-१४ को सट्टा देहायको अनुसूची-१४ राखिएको छः-

अनुसूची-१४
(दफा ४३ को खण्ड (ग) सँग सम्बन्धित)
..............................को क्षेत्र र लाभग्राही छनौटका लागि मूल्यङ्कन मापदण्ड

| क्र.स. | मूल्यांकनका सूचकहरू | अधिकतम संभाव्य | प्रासाङक |
|---|---|---|---|
| १ | कार्यक्रमको क्षेत्रमा लाभान्वित समुह/ फार्म/ समिति/ सहकारी संस्थामा आवद्ध सदस्य संख्या | १० | |
| | १० जना सम्म | २ | |
| | ११ देखी ३० जना सम्म | ५ | |
| | ३१ भन्दा माथी | १० | |
| २ | प्रस्तावित कार्यले समेट्ने पशु संख्या/उत्पादन | १० | |
| | ० देखि ५० सम्म | २ | |
| | ५१ देखि १०० सम्म | ५ | |
| | १०१ भन्दा माथि | १० | |
| ३ | सामाजिक एवं लैङ्गिक सहभागिता | १० | |
| | महिला, दलित र आदिवासीको संलग्नता नभएको | २ | |
| | जनजाती र महिला बाहुल्यता भएको | ५ | |
| | दलित, जनजाती र महिला बाहुल्यता भएको | १० | |
| ४ | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहे नरहेको | ५ | |
| | माग एवं आवश्यकता अनुरुप नरहेको | ० | |
| | माग एवं आवश्यकता अनुरुप नरहेको | ५ | |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | |
| | १० जना सम्म रोजगार हुने | २ | |
| | ११ देखी ३० जना सम्म रोजगार हुने | ५ | |
| | ३१ जना भन्दा बढी रोजगार हुने | १० | |



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | | |
|---|---|---|---|
| ६ | **प्रस्तावित बाहेक कार्यक्रमबाट लाभान्वित हुन सक्ने अन्य सहायक लाभान्वित वर्ग** | ५ | |
| | अन्य सहायक लाभान्वित वर्ग नभएमा | ० | |
| | अन्य सहायक लाभान्वित वर्ग भएमा | ५ | |
| ७ | **व्यवसाय अनुसार पूर्वाधारको व्यवस्था (जग्गा भवन आदि)** | ५ | |
| | प्रस्तावित व्यवसायको लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | |
| | प्रस्तावित व्यवसायको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पुर्वाधार भएको | ५ | |
| ८ | **कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पूर्वाधारको व्यवस्था** | ५ | |
| | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, ढुवानी साधन, विद्युत तथा बजारको पहुच नभएको | २ | |
| | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, ढुवानी साधन, विद्युत तथा बजारको पहुच भएको | ५ | |
| ९ | **भौगोलिक र प्राविधिक उपयुक्तता** | १० | |
| | भौगोलिक हिसावले अनुपयुक्तता | ० | |
| | भौगोलिक हिसावले उपयुक्तता | ५ | |
| | प्राविधिक अनुपयुक्तता | ० | |
| | प्राविधिक उपयुक्तता | ५ | |
| १० | **आवश्यक प्रविधि/ प्राविधिक सेवा सम्बन्धी व्यवस्था** | ५-० | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | स्थानीय श्रोत व्यक्ति/ व्यवसायिक फार्मबाट प्राविधिक सेवाटेवाको व्यवस्था | २ | |
| | आफै/ आफ्नै श्रोतबाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| ११ | **संस्थागत क्षमता** | ५ | |
| | व्यवसायिक कृयाशिलता नभएको | ० | |
| | स्थापना पश्चात तीन बर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात तीन बर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | | |
|---|---|---|---|
| १२ | **प्रस्तावित कार्यको नविनता** | ५ | |
| | नविनतम प्रविधिको प्रयोग नभएको | ० | |
| | नविनतम प्रविधिको प्रयोग भएको | ३ | |
| १३ | **प्रस्तावित कार्यले पशुपन्छी व्यवसायिकरणमा पार्ने प्रभाव** | ५ | |
| | उत्पादित वस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | उत्पादित बस्तुले व्यवसायिकरण र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | ५ | |
| १४ | **प्रस्तावित कार्यले पुग्ने सहयोग तथा उद्धेश्य प्राप्ति** | १० | |
| | उद्धेश्य प्राप्ती नहुने | ० | |
| | उद्धेश्य प्राप्ति हुने | १० | |
| | **जम्मा** | १०० | |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

१३. मूल नर्म्सको अनुसूचीमा संशोधनः मूल नर्म्सको अनुसूची-१५ पछि देहायको अनुसूची-१६ थपिएको छः-

## अनुसूची-१६
(दफा ४४ को खण्ड (ग) सँग सम्बन्धित)
"पशु श्रोत केन्द्र पहिचान तथा व्यवस्थापन कार्यक्रम" का लागि प्राप्त प्रस्तावहरूको मूल्याङ्कन तथा प्राथमिकिकरण

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ........... को आ.ब. ............/.........को स्वीकृत पशु श्रोत केन्द्र पहिचान तथा व्यवस्थापन कार्यकममा लाभग्राही तथा क्षेत्र छनौटका लागि स्थलगत अनुगमन गरी प्राविधिक प्रतिवेदन तयार गरिएको छ।

१. प्रस्तावकको विवरणः

| क्र.सं. | विवरण | जानकारी |
|---|---|---|
| १ | प्रस्तावक फर्म/कम्पनी/सहकारी/कृषक समूह/सामुदायिक संस्थाको नाम | |
| २ | ठेगाना | |
| ३ | सम्पर्क व्यक्ति | |
| ४ | सम्पर्क नं. | |
| ५ | दर्ता भएको निकाय, दर्ता नं. तथा मिति | |
| ६ | मुख्य पशुपन्छीको विधा (गाई/भैंसी/याक नाक/बाख्रा/बंगुर) तथा व्यवसायको वास्तविक अवस्था (पशु संख्या, नश्ल र उत्पादन) | |
| ७ | श्रोत केन्द्र बन्न सक्ने क्षमता तथा प्रवर्द्धनको सम्भावना | |
| ८ | कृ.ग., नश्ल सुधार, तथा प्रजनन व्यवस्था | |
| ९ | भौतिक पूर्वाधार तथा मेशिनरी उपकरण/ औजारको अवस्था | |



प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | |
|---|---|---|
| १० | पशु फार्म व्यवस्थापन (गोठ/खोर,आहारा, स्वास्थ्य, जैविक सुरक्षा, अभिलेख आदिको) अवस्था | |
| ११ | संस्थागत क्षमता/व्यवहारिकता तथा दिगोपना | |
| १२ | अन्य (बिस्तार सम्भावना/प्रवर्द्धनात्मक कार्य/बजारीकरण/विमा आदि) | |

## २. प्रस्ताव मूल्याङ्कन मापदण्डः

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | व्यवसायिक पशुपालनको अनुभव (न्यूनतम ३ वर्ष पुरा भएको) | ५ | |
| २ | पशु संख्या तथा उत्पादनको अवस्था (नर्म्सको आधारमा) | १० | |
| ३ | भौतिक पूर्वाधार (गोठ, पानी, विद्युत, सडक पहुँच, आधुनिकता, जैविक सुरक्षा, आदि) | १० | |
| ४ | पशु स्रोत व्यवस्थापन तथा प्रवर्द्धनको लक्ष्य नर्म्ससँग तादात्म्यता भएको र स्रोत केन्द्रका रूपमा विकास हुने तथा उद्देश्य प्राप्तिको सम्भावना | १५ | |
| ५ | सरकारी/सहकारी/सामुदायिक संस्था/कृषक समूह/कम्पनी/उद्यमीको संस्थागत क्षमता | १० | |
| ६ | प्रस्तावित कार्यक्रमको प्राविधिक तथा आर्थिक क्षमता | १० | |
| ७ | घाँस खेती दाना भण्डारण, मलमूत्र व्यवस्थापन प्रणाली फार्ममा उपलब्ध प्राविधिक जनशक्ति/नियमित भेटेरिनरी सेवाको सुनिश्चितता क्षेत्र | १० | |
| ८ | सम्बन्धित स्थानमा उत्पादन उत्पादकत्व र नश्ल सुधार, ब्रिडिङ्ग रेकर्ड तथा उत्पादन रेकर्ड पद्धति | १० | |
| ९ | पशुपालन असल अभ्यासका क्रियाकलापहरु अवलम्बन गरिएको | १० | |
| १० | लागत सहभागिता तथा दिगोपना | १० | |
| | कुल | १०० | |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

## चेकलिष्ट

| क्र.स. | चेकलिष्ट | मापदण्ड पूरा गरेको | | |
|---|---|---|---|---|
| | | छ | छैन | सूचना छैन |
| १ | उद्देश्य तथा अपेक्षित प्रतिफल र परिमाण | | | |
| २ | तोकिएको भोगौलिक क्षेत्र उपयुक्त | | | |
| ३ | सवल लाभदायक | | | |
| ४ | लाभग्राहीको प्रकृति र दक्ष जनशक्तिको पर्याप्त मात्रामा सँलग्नता | | | |
| ५ | अपेक्षित प्रतिफल प्राप्त गर्न पर्याप्त | | | |
| ६ | प्रस्तावित क्रियाकलापहरु उल्लेखित बजेट सीमा भित्र प्राप्त गर्न सकिने | | | |
| ७ | प्रस्तावित क्रियाकलापहरु तोकिएको समयसीमा भित्र सम्पन्न गर्न सकिने | | | |
| ८ | अन्य स्रोतबाट पनि बजेट विनियोजन भई दोहोरोपना | | | |
| ९ | क्रियाकलाप संचालनमा प्रर्याप्त संभावना | | | |
| १० | कुनै किसिमको नकारात्मक असर पर्ने संभावना | | | |
| ११ | कार्यन्वयनको कारणले समुदाय समुदाय बिच विवाद आउने संभावना | | | |
| १२ | अन्य | | | |

**३. सम्पर्क/छलफल गरेको व्यक्तिको विवरण सहित अनुदान प्राप्तिको विवरण तथा वर्तमान अवस्था/प्रगति/उपलब्धि स्थिति र भावि सोचः**

.................................................................................

**४. मूल्याङ्कनकर्ताको टिप्पणी (वास्तविक अवस्था/ देखिएको सबल वा दुर्बल पक्ष/आदि)**.....................................................................

.......................................................................................

**५. मूल्याङ्कनकर्ताको निष्कर्ष तथा सिफारिस**

माथि उल्लेखित सूचकहरूको आधारमा प्राप्त अंङ्क................ (अक्षरमाः ..........................................) रहेको र पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स २०८२ को दफा ४४ बमोजिम यो प्रस्ताव स्वीकृतिका लागि योग्य देखिएको / ..................................................................................................कारणले अयोग्य देखिएकोले प्राथमिकता क्रम नम्बर ............मा राखी निर्णयको लागि सिफारिस गरिन्छ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

मूल्याङ्कन गर्ने अधिकारी/समितिको विवरणः

| क्र.सं. | नाम | पद/संस्था | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री